निर्वाचन आयोग, नेपाल
ELECTION COMMISSION, NEPAL

प.सं. च.नं./Ref:

# प्रेस विज्ञप्ति

मिति २०७४।०१।०४

काठमाडौं, बैशाख ४ । २०७४ बैशाख ३१ गते आइतबार हुने स्थानीय तह निर्वाचनका लागि निर्वाचन आयोगले तयार पारेको फोटोसहितको मतदाता नामावलीलाई आइतबार राति आयोगको वेभसाइटमा राखेको छ । स्थानीय तह निर्वाचनमा २०७३ फागुन ९ गते १८ वर्ष पूरा भई मतदाता नामावलीमा फोटोसहितको नाम दर्ता गराएका मतदाताले मात्रै मताधिकार प्रयोग गर्न पाउने कानुनी व्यवस्था छ ।

आयोगले सातवटै प्रदेशका ७५ वटै जिल्ला र ७४४ वटै स्थानीय तहको १ करोड ४० लाख ५४ हजार ४८२ मतदाताको विवरणलाई अन्तिमरूप दिई मतदाताको जानकारीका लागि वेभसाइटमा राखेको हो । मतदाताले आयोगको वेभसाइट www.election.gov.np मा गई मतदाता नामावलीमा रहेको आफ्नो नम्बर र जन्म मिति राखेर आफ्नो विवरण हेर्न सक्नु हुने छ ।

स्थानीय तहको पुन:संरचना भएबाट मतदाताको ठेगाना परिवर्तन भएको हुँदा त्यसलाई मिलाउन आयोगलाई बढी समय लागेको हो । नयाँ संरचना अनुसारको स्थानीय तहको नाम र वडा खुल्ने गरी मतदाताको नामावलीलाई अद्यावधिक गरिएको छ ।

मतदाता नामावलीको छपाइ कार्य आयोगकै छापाखानाबाट भइरहेको छ र सोमबार दिउँसोसम्म ६७ जिल्लाको मतदाता नामावली छाप्ने कार्य सकिएको छ । यसैगरी, मतदाताको फोटोसहितको मतदाता परिचयपत्रको छपाइ कार्य पनि आयोग परिसरमा भइरहेको छ । सोमबारसम्म ६० जिल्लाको मतदाता परिचयपत्रको छपाइ कार्य पूरा भएको छ । मतदाता नामावली ऐन २०७३ अनुसार मतदानका लागि मतदाता परिचयपत्र अनिवार्य छ । आयोगले मतदाता परिचयपत्र मतदाताले मतदान गर्ने केन्द्रबाटै पाउने गरी यही बैशाख २८ गतेबाट वितरण गर्ने योजना बनाएको छ । मतदाता परिचयपत्र लिन मतदाता आफैं उपस्थित हुनुपर्ने छ, आफू उपस्थित हुन नसक्ने अवस्थामा आफ्नो परिवारको सदस्य एकिन गरी निजले बुझिलिन सक्ने व्यवस्था छ ।

**सूर्यप्रसाद शर्मा**
**सहसचिव एवं प्रवक्ता**

कान्तिपथ, काठमाडौं, नेपाल, फोन नं. (९७७-१) ४२२८६६३ । फ्याक्स: (९७७-१) ४२२९२२७
Kantipath, Kathmandu, Nepal, Tel: (977-1) 4228663, Fax: (977-1) 4229227
E-Mail: info@election.gov.np, Website: www.election.gov.np
"फोटो सहितको मतदाता नामावलीमा नाम दर्ता गरौं ।"